प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : ३०२ ॥ २०८१ पुष ०८ गते सोमबार (23rd Dec 2024 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-


# रास्वपाले अदालतको फैसलालाई स्वीकार गर्ने

झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलगायतविरुद्ध मुद्दा दायर भएको अबस्थामा पार्टीका नेताहरुले अदालतको फैसलालाई स्वीकार गर्ने बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीको दोस्रो झापा जिल्ला भेलालाई बिर्तामोडमा संबोधन गर्दै केन्द्रीय सहप्रवक्ता रमेश प्रसाईले अदालतले जे फैसला दिन्छ , त्यसलाई मान्ने बताएका हुन् । ' हामी न्यायमूर्तिको फैसला मान्छौं प्रधानमन्त्री केपी शर्मा ओलीको जस्तो अदालतको फैसला नमान्ने भन्दैनौं' उनले भने ।



कास्कीको सूर्यदर्शन सहकारीको बचत हिनामिना प्रकरणको पूरक अनुसन्धानपछि आइतबार मुद्दा दायर भएको छ । जिल्ला सरकारी वकिलको कार्यालयले कास्की जिल्ला अदालतमा एक अर्ब एकाउन्न करोड चालिस लाख उन्नाइस हजार एक सय चौरानब्बे रुपैयाँ तीन पैसा बिगो कायम गरेर मुद्दा दायर गरेको हो । ६० दिनभन्दा बढी समयदेखि हिरासतमा राखेर पार्टी सभापति लामिछानेलाई उत्पीडन र प्रहार गरिरहेको आरोप लगाउँदै प्रसाईले अदालतको विषय भएकाले अदालतले नै यसलाई टुंग्याउनु पर्ने धारणा राखे । त्यस्तै भेलाका मुख्य वक्ता प्रमुख सचेतक सन्तोष परियारले आरोप लगाउन पाइने तर राज्यको सबै संयन्त्र प्रयोग गरेर आरोपलाई पुष्टि गर्ने षडयन्त्र गर्नु गलत भएको बताए । उनले राजनीतिक प्रतिशोध साँध्न सरकार लागिपरेको कुरा प्रमाणित भइसकेको भन्दै त्यसलाई अदालतले समेत प्रमाणित गरेर देखाउने विश्वास व्यक्त गरे । सचेतक निशा डाँगीले राष्ट्रिय स्वतन्त्र पार्टी नामकरण भएदेखि लखेट्न थालेका पुराना पार्टीहरुले अझै लखेटिरहेको भन्दै अब भिड्ने बेला आएको बताइन् । त्यस्तै केन्द्रीय सदस्य ज्वाला संग्रौलाले सभापति लामिछानेलाई सिध्याएर पार्टी पनि सिध्याउने भ्रम नपाल्न चेतावनी दिइन् । जिल्ला सभापति उमेश खरेलको अध्यक्षतामा भएको कार्यक्रममा निरज गौली , राजन दाहाल ,लालविक्रम थापा, विरोध सुवेदीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा जिल्ला उपसभापति प्रकाश पाठकले झापा जिल्लामा पार्टीको अबस्थाबारे जानकारी दिएका थिए । क्षेत्र नं ४ का सभापति शम्भु सुस्केरा ढकालले संचालन गरेको कार्यक्रममा स्वागत बिर्तामोड नगर सभापति शम्भु भण्डारीले गरेका थिए ।

**१ अर्ब ५१ करोड बिगो माग दाबी**

कास्कीको सूर्यदर्शन सहकारीको बचत हिनामिना प्रकरणको पूरक अनुसन्धानपछि आइतबार मुद्दा दायर भएको छ । जिल्ला सरकारी वकिलको कार्यालयले कास्की जिल्ला अदालतमा एक अर्ब एकाउन्न करोड चालिस लाख उन्नाइस हजार एक सय चौरानब्बे रुपैयाँ तीन पैसा बिगो कायम गरेर मुद्दा दायर गरेको हो ।

सहायक जिल्ला न्यायाधीवक्ता शान्तिदेवी शर्माले मूल अभियोग पत्रमा अभियोजन गरिएका प्रतिवादीहरू १९ जना तथा पूरक अभियोजन पत्रमा उल्लेखित प्रतिवादीहरू छविलाल जोशी, लीला पछाईं, रवि लामिछाने समेतका सम्पूर्ण प्रतिवादीहरू समेतबाट असुल उपर गर्ने गरी सो बराबरको बिगो कायम गरेर मुद्दा दर्ता गरिएको जानकारी दिइन् ।

उनका अनुसार हिनामिना एवं अपचलन भएको बिगो मध्ये मूल अभियोग पत्रमा खुलाइएको १०३५ जना बचत कर्ताहरूको जम्मा बिगो एक अरब एघार करोड चौतिस लाख त्रिचालिस हजार पैंतालिस रुपैयाँ सत्र पैसा रहेको छ ।

यस्तै थप अभियोग दाबीमा उल्लिखित जम्मा १२१ जना खुलाइएका बचतकर्ताहरूको हुने थप बिगो रकम तीन करोड तेत्तिस लाख पन्चानब्बे हजार तीन सय उनन्चास रुपैयाँ सत्र पैसा सत्र रहेको छ । यस आधारमा बचनकर्ताको कुल बिगो एक अर्ब चौध करोड असठ्ठी लाख अठतिस लाख तीन सय चौरानब्बे हजार चौतिस पैसा कायम हुने अभियोग पत्रमा उल्लेख छ ।

जसअनुसार सहकारी ऐन, २०७४ को दफा १२४ को उपदफा (१) को देहाय (घ) बमोजिम पीडित जाहेरवालाहरूलाई दिलाई भराई बाँकी बिगो सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा भराइदिन अभियोग पत्रमा माग गरिएको छ ।

# लामिछानेको सांसद पद निलम्बन हुने

झापा(प्रस) । रास्वपा सभापति रवि लामिछानेको सांसद पद निलम्बन गर्न कास्की प्रहरीले सभामुख देवराज घिमिरेलाई पत्र लेखेको छ । कास्की प्रहरीको उच्च स्रोतका अनुसार रास्वपाबाट प्रतिनिधिसभा सदस्य निर्वाचित लामिछानेको पद निलम्बन गर्नका लागि सभामुखलाई पत्र पठाइएको हो ।

लामिछानेविरुद्ध जिल्ला अदालत कास्कीमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐनअनुसार अभियोगपत्र दर्ता भएकाले सांसद पद निलम्बनका लागि कास्की प्रहरीले सभामुखलाई पत्र लेखेको हो ।



अ द ा ल त म ा अभियोगपत्र दायर भएपछि प्रहरीले त्यसको जानकारी सभामुखलाई दिनुपर्ने हुन्छ । पत्र प्राप्त भएपछि सभामुखले सांसद पद निलम्बन भएकोबारे प्रतिनिधिसभा बैठक चलिरहेको अवस्थामा सभामा जानकारी दिने र अधिवेशन नभएको अवस्थामा सूचना पाटीमा सूचना टाँस्नुपर्ने हुन्छ । लामिछानेको हकमा हाल प्रतिनिधिसभा अधिवेशन नरहेकाले सभामुखले सूचना पाटीमा सूचना टाँस्न लगाएसँगै सांसद पद निलम्बन हुनेछ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐनको दफा २७ मा स्वतः निलम्बन हुने प्रबन्ध रहेको छ । 'प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐन बमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन भएको मानिनेछ,' उक्त दफामा उल्लेख गरिएको छ ।

# रास्वपाको झापा जिल्ला समितिलाई पूर्णता

झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टीको झापा जिल्ला समितिले पूर्णता पाएको छ । आइतवार बिर्तामोडमा आयोजित दोस्रो जिल्ला भेलाले उमेश खरेल सभापति रहेको जिल्ला समितिलाई पूर्णता दिएको हो । भेलाबाट सभापतिमा उमेश खरेल र उपसभापतिमा प्रकाश पाठक यथावत रहेका छन् भने सचिवमा शम्भु सुस्केरा ढकाल , सहसचिव भीमबहादुर कुँवर सर्वसम्मत चयन भएका छन् । त्यस्तै महिला सदस्यहरुमा सीता विक , लीला खड्का र कमला पोखरेल तथा पुरुष सदस्यहरुमा पुष्पराज ढकाल र नरेन्द्र




शिवाकोटी चुनिएका छन् । सभापतिले एक महिला र एक पुरुष सदस्य मनोनयन गर्न पाउने प्रावधान रहेको छ । गठन हुने ११ जना कार्यसमितिमा निर्वाचन क्षेत्र समितिबाट १-१ जना गरी पाँचजना र पालिका सभापति १५ जना गरी जम्मा ३१ जनाको जिल्ला समिति निर्माण हुने उपसभापति पाठकले जानकारी दिए । जिल्ला भेलामा पार्टीका प्रमुख सचेतक सन्तोष परियार , सचेतक निशा डाँगी , सहप्रवक्ता रमेश प्रसाई , केन्द्रीय सदस्य ज्वाला संग्रौलालगायतका नेतृत्वहरुको सहभागिता रहेको थियो । २०७९ असार ३० गते भएको प्रथम भेलाले सभापति खरेल र उपसभापति पाठक रहेको दुई सदस्यीय जिल्ला समिति गठन गरेको थियो । सोही समितिले पूर्णता पाएको हो ।

# निकिता पौडेलको पनि सम्पत्ति जफत गर्न माग

झापा(प्रस)। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेकी श्रीमती निकिता पौडेलको सम्पत्ति जफत गर्न माग गरिएको छ।

आइतबार सरकारी वकिलको कार्यालय कास्कीले दायर गरेको मुद्दामा सम्पत्ति जफत प्रयोजनका लागि रवि लामिछानेसँगै उनकी श्रीमती पौडेललाई पनि प्रतिवादी बनाएको हो।

जिल्ला सहायक न्यायाधिवक्ता शान्तिदेवी शर्माका अनुसार पौडेललाई पनि सम्पत्ति जफतका लागि मुद्दा दायर भएको हो।

लिला पछाई, उनकी आमा राधा पछाई, दिदी गिता पछाई, पूर्वडीआइजी छविलाल जोशी, उनकी श्रीमती पद्मा जोशी बन्जाडे र छोरा रोचक जोशीको पनि सम्पत्ति जफत गर्न माग भएको हो।

'निकिता लगायतलाई सम्पत्ति जफत प्रयोजनका लागि प्रतिवादी बनाएका छौं,' जिल्ला न्यायाधिवक्ता कमला काफ्लेले भनिन्। रविको मात्रै २७ करोड भन्दा बढीको बिगो मागदाबी गरिएको छ। सम्पत्ति शुद्धीकरणमा मात्रै २७ करोड ८९ लाख ४४ हजार ७०५ रुपैयाँको स्रोत नखुलेको हो। उनीसँगै पूर्वडीआइजी छविलाल जोशीको ७४ करोड ३४ लाख ७१ हजार ५५ रुपैयाँको स्रोत नखुलेको हुँदा उक्त रकम मागदाबी गरेको हो। उनीहरूसँगै जिबी राईको पनि सम्पत्ति जफत गर्न माग गरिएको छ।

आइतबार दर्ता गरिएको पुरक अभियोगपत्रमा ४४ जनालाई प्रतिवादी बनाइएको छ। जसमध्ये ३१ जनालाई सहकारी ठगीमा मात्रै कसुर दायर भएको हो। आठ वटा कम्पनी र पाँच जनाविरूद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको हो। सम्पत्ति शुद्धीकरणमा रवि, छवि, जिबी, उनका साझेदार रामप्रसाद खनाल र लिला पछाईविरूद्ध मुद्दा दायर भएको हो।

# हचुमासा सामुदायिक वनको कार्यालयमा तालाबन्दी

अर्जुनधारा(प्रस) ।आर्थिक अनियमितता गरेको भन्दै स्थानीय सरकारका जनप्रतिनिधिहरुले झापाको अर्जुनधारा १ स्थित हचुमासा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा तालाबन्दी गरेका छन् ।

वन उपभोक्ता समूहकी सचिव प्रभा नेपालले आर्थिक अनियमितता गरेको पुष्टि भएपछि अर्जुनधारा १ का वडाध्यक्ष उपेन्द्र बस्नेत, अर्का जनप्रतिनिधि मदन लिङ्देनलगायतको टोलीले कार्यालयको लेखा शाखामा ताला लगाएको हो । सचिव नेपालले




गत आर्थिक वर्ष २०८०-०८१ को असार ३० गते १७ किवी काठ बिनाबिल बिक्री गरेकी थिइन् । त्यस अनियमितताका बारेमा कुरा उठेपछि उनले ५० दिनपछि आर्थिक वर्ष २०८१-०८२ को भदौ २० गते त्यसको रकम जम्मा गरेकी थिइन् । त्योसंगै अरु पनि आर्थिक अनियमितता भएको हुनसक्ने आशंकामा आफूहरुले लेखाको काम रोकिदिएको जनप्रतिनिधि लिङ्देनले जानकारी दिए । सचिवले बिल नगरी काठ बिक्री गरेको घटना सार्वजनिक भएपछि वडाध्यक्षको नेतृत्वको टोली आएर लेखा शाखामा ताला लगाएको वन समूहका अध्यक्ष चन्द्र प्रसाईले बताए ।

सो घटनापछि सचिव नेपालले शनिवार नै राजीनामा दिएकी छन् भने सहसचिव विकास लिम्बूलाई निलम्बन गरिएको छ ।

वन समूहमा भएका आर्थिक अनियमितताका बारेमा छानविन गर्न सर्वदलीय बैठकमार्फत छानविन समिति गठन गरिने लिङ्देनले जानकारी दिए । सोमवार सर्वदलीय बैठक बोलाइएको छ । वर्तमान कार्यसमितिको कार्यकाल सकिन अब करिव १७ दिन मात्र बाँकी रहेको बताइएको छ ।

# मोटरसाइकल फाइरिङ गरी कुदाउने युवाको आतंक



झापा(प्रस) ।झापाको बिर्तामोडमा ठूलो आवाजमा मोटरसाइकलमा फाइरिङ गर्दै कुदाउने युवाको आतंक देखिएको छ ।

दिउँसोभन्दा रातिको समयमा गोलीको जस्तो ठूलो आवाजका साथ फाइरिङ गर्दै मोटरसाइकल कुदाउँदा बिर्तामोडबासी आतंकित भएका छन् । एकपछि अर्कोको सिको गर्दै युवाले त्यसरी मोटरसाइकल कुदाएपछि नियन्त्रणमा लिन प्रहरीलाई समस्या भएको छ ।

तीन दिनअघि इलाका प्रहरी कार्यालय बिर्तामोडले एकजना युवकलाई नियन्त्रणमा लिएको थियो । बेनेली मोटरसाइकलसहित युवकलाई पक्राउ गरिएकोमा मोटरसाइकल राखेर अभिभावक बोलाएर संझाई बुझाई युवकलाई छोडिएको डीएसपी प्रकाश विष्टले बताए ।

खासगरी बेनेली , एनएक्स , बुलेटजस्ता मोटरसाइकलमा फाइरिङ गर्दै कुदाउने गलत प्रवृति बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक गणेश पौडेलले बताए । अरुलाई असर पुग्ने गरी फाइरिङ गर्दै मोटरसाइकल चलाउनेको संख्या बिर्तामोडमा करिव आधा दर्जन रहेको अनुमान गरिएको छ ।

तीब्र गतिमा फाइरिङ गर्दै कुदाउने युवालाई नियन्त्रणमा लिन प्रहरी टोली नै परिचालन गरिएको छ । मानिसहरु राति सुत्ने बेलामा खासगरी अल्लारे युवाले आगोको झिल्का निकालेर ठूलो आवाजका साथ फाइरिङ गर्दै मोटरसाइकल चलाउने गरेको पाइएको छ ।

# खड्काले राप्रपाबाट दिए राजीनामा



झापा(प्रस) । विगत केही वर्षदेखि राष्ट्रिय प्रजातन्त्र पार्टीमा रहेर सक्रिय राजनीति गरिरहेका बिर्तामोडका जनक खड्काले साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट राजीनामा दिएका छन् । उनले आइतवार नगर अध्यक्ष लक्ष्मी गौतमलाई राजीनामा पत्र पठाएका हुन् । पार्टीभित्र काम गर्ने कार्यकर्तामाथि गरिएको भेदभावपूर्ण व्यवहार र केही नेताहरुको एकल मनोभावनात्य सामन्ती प्रवृत्तिबाट आजित भएर पार्टीमा रही पूर्ववत अवस्थामा काम गर्न असमर्थ भएको भन्दै आइतवारको मितिदेखि साधारण सदस्यसमेत नरहनेगरी राजीनामा दिएको उनले राजनीनामा पत्रमा उल्लेख गरेका छन् । पार्टीको बिर्तामोड १ नं वडा कमिटीको अध्यक्ष रहेका खड्का नगर सदस्य भएका थिए । उनले नगर अधिवेशनमा अध्यक्षको दावेदारी प्रस्तुत गरेका थिए ।

# वैदेशिक व्यापार ३० अर्ब बढ्यो

मुलुकको वैदेशिक व्यापारमा सुधार आएको छ। भन्सार विभागका अनुसार निर्यात व्यापारमा उल्लेख्य वृद्धि भएको छ भने आयात पनि बढेको छ। चालु आर्थिक वर्ष २०८१/८२ को पाँच महिनामा वैदेशिक व्यापार करिब ३० अर्ब रुपैयाँले बढेको छ। कुल वैदेशिक व्यापार ४.२१ प्रतिशतले वृद्धि भएको छ।

यो वर्ष पाँच महिनामा ७ खर्ब ३५ अर्ब १४ करोड रुपैयाँको व्यापार भएको भन्सार विभागले जनाएको छ। गत वर्ष सोही अवधिमा ७ खर्ब पाँच अर्ब ४१ करोड रुपैयाँको वैदेशिक व्यापार भएको थियो। चालु आवको पहिलो पाँच महिना (मंसिर मसान्तसम्म) मा निर्यात १६.५४ प्रतिशत र आयात तीन प्रतिशतले वृद्धि भएको छ। पाँच महिनामा ७३ अर्ब ६५ करोड रुपैयाँको वस्तु निर्यात भएको छ।

गत वर्षको सोही अवधिमा ६३ अर्ब २० करोड रुपैयाँको वस्तु निर्यात भएको थियो। मुलुक भित्र खपत वृद्धि भए पनि आयात पनि गत वर्षको तुलनामा करिब १९ अर्ब रुपैयाँले वृद्धि भएको छ। यो पाँच महिनामा ६ खर्ब ६१ अर्ब ४८ करोड रुपैयाँको आयात भएको छ। गत वर्षको सोही अवधिमा ६ खर्ब ४२ अर्ब २० करोड रुपैयाँ बराबरका वस्तु आयात भएको थियो। ५ महिनाको अवधीमा नेपालले ५ खर्ब ८७ अर्ब ८२ करोड ८८ लाख रुपैयाँ बराबरको व्यापार घाटा रहेको छ।

नेपालबाट धेरै निर्यात हुने वस्तुमा स्टिलजन्य वस्तु, धागो, कार्पेट, तयारी पोसाक, जुस, चिया, अलैंची, प्रशोधित पाम तेल, हस्तकलाका सामग्री, डेरी प्रोडक्ट, महलगायत छन्।

निर्यात बढेपछि व्यापार घाटा पनि घटेको छ। मुलुकको आन्तरिक अर्थतन्त्र समस्यामा परेका कारण खपत वृद्धि हुन नसक्दा आयातमा पनि गिरावट आएको थियो। बजारमा उपभोग बढेकाले आयात बढेको सरोकारवाला बताउँछन्। आयात व्यापार वृद्धि हुँदा राजस्व पनि बढेको छ। आयातमा आधारित राजस्व बढेकाले यसको सकारात्मक प्रभाव अर्थतन्त्रमा पनि देखिएको छ। नेपालले ठुलो व्यापार घाटा बेहोर्दै आएको छ। स्वदेशमा उत्पादन हुन सक्ने वस्तु विदेशबाट आयात हुँदा मुलुकले व्यापार घाटा व्यहोर्दै आएको हो। एक सय १० भन्दा बढी मुलुकसँग नेपालको व्यापार घाटा छ। दुई दर्जन हाराहारी मुलुकसँग मात्र नेपालको वैदेशिक व्यापार नाफामा छ। सबैभन्दा ठुलो व्यापार घाटा भारतसँग छ।

भारतबाट चार खर्ब १० अर्ब ५५ करोड रुपैयाँको वस्तु आयात भएको छ भने ५२ अर्ब १ करोड रुपैयाँको निर्यात भएको छ। भारतसँग ३ खर्ब ५८ अर्ब ५४ करोड ब्यापार घाटा छ। सरकारले स्वदेशमा उत्पादन वृद्धि गरेर निर्यात व्यापार बढाएर व्यापार घाटा न्यूनीकरण गर्ने बताउँदै आए पनि अपेक्षित रूपमा सुधार हुन सकेको छैन।

निर्यात बढाउन अनुदान दिँदै आएको छ। आयात व्यापारमा अपेक्षित सुधार नभएका कारण विदेशी मुद्राको सञ्चिति निकै बढेको छ।

# झापामा लागूऔषधसहित एकैदिन पाँचजना पक्राउ

झापा(प्रस) । झापामा लागूऔषधसहित शनिवार एकैदिन पाँचजना पक्राउ परेका छन् । तीनजना ब्राउनसुगर ,एकजना गाँजा र एकजना प्रतिबन्धित औषधसहित पक्राउ परेका हुन् । शनिवार दिउँसो ४:३० बजे दमक नगरपालिका वडा नं.-६ पशुहाटनजिकै वडा नं ७ हाटखोला अन्दाजी २४ वर्षीय रोदन लिम्बू १ ग्राम १०० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ परेका छन् ।

त्यस्तै राति ८ बजे मेचीनगर नगरपालिका वडा न.६ कालिखोला सरस्वती टोल बस्ने ४१ वर्षीय रुपेश पाख्रिनलाई आफ्नै घरमा ब्राउनसुगर बिक्री गरिरहेको अबस्थामा २ ग्राम ब्राउनसुगरसहित प्रहरीले पक्राउ गरेको छ । लागूऔषध खरिद गर्न आएका उनका साथी सोही ठाउँ बस्ने ३२ वर्षीय डिकबहादुर मगरलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ । त्यस्तै राति ११.३० बजे ४ केजी गाँजासहित बुद्धशान्ति गाउँपालिका वडा नं.३ धिमाल टोल बस्ने २९ वर्षीया दुर्गा धिमाल पक्राउ परेकी छन् ।



त्यस्तै सोही समयमा इलाम माङ्सेबुङ गाउँपालिका वडा नं. ४ माचेबुङ स्थायी ठेगाना भई हाल दमक नगरपालिका वडा नं. २ बस्ने घर बताउने २० वर्षीय नविन ठटाल भन्ने पदमबहादुर दर्जीलाई प्रतिबन्धित औषधीहरु ट्रामाडोल- ८३ क्याप्सुल र स्पासपेन-२८ ट्याब्लेटसहित पक्राउ गरिएको हो ।

# बुद्धशान्तिमा गाँजासहित युवती पक्राउ



झापा(प्रस) । लागूऔषध गाँजाको कारोबार गरिरहेको अबस्थामा झापाको बुद्धशान्तिबाट प्रहरीले एकजना युवतीलाई पक्राउ गरेको छ । शनिवार राति ११.३० बजे बुद्धशान्ति गाउँपालिका वडा नं.३ धिमाल टोलमा लागूऔषध गाँजाको कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरी टोलीले सोही ठाउँ बस्ने ६० वर्षीय श्याम धिमालको घर खानतलासी लिँदा उनी सुत्ने कोठाबाट तयारी गाँजा ४ के.जी.फेला परेको थियो । गाँजासहित उक्त कोठाबाट भारतीय रुपैयाँ २ हजार ३६०, नेपाली रुपैयाँ ३ लाख ६ हजार ८७० , तराजु -१ थान, ढक ८ वटा, माटोको चिलिम ६७ पिस, लाईटर १० पिस, सुतली डोरी अन्दाजी १० मिटर, प्याकेजिङ प्लाष्टिक ५० पिस, दाउजस्तो कटर चक्कु ३ थान, कैची १ थान, अचानो २ वटा, हतौडा १ थान र मोबाईल १ थानसमेत बरामद भएको थियो । ती सामानहरुसहित श्याम धिमालकी छोरी २९ वर्षीया दुर्गा धिमाललाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय धुलाबारीमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# जनकपुर बोल्ट्सलाई प्रधानमन्त्रीको सम्मान

झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल प्रिमियर लिग (एनपिएल) पहिलो संस्करणको उपाधि विजेता जनकपुर बोल्ट्सलाई बधाईसहित सम्मान गरेका छन् । प्रधानमन्त्री निवास, बालुवाटारमा आइतबार भएको कार्यक्रममा प्रधानमन्त्री ओलीले उत्कृष्ट प्रदर्शनका साथ नेपाली क्रिकेटको स्तर उकास्न भूमिका निर्वाह गर्ने उक्त टिमका क्याप्टेन र खेलाडीका साथै नेपाल क्रिकेट संघ र खेलका व्यवस्थापकलाई बधाइ दिएका हन् ।



शनिबार कीर्तिपुर क्रिकेट मैदानमा भएको खेलमा जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई विजय हासिल गरेको थियो ।

प्रधानमन्त्री ओलीले आगामी दिनमा अझ ठुला सफलता हासिल गर्न शुभकामना दिँदै विश्वमा ख्यातिप्राप्त ब्याट्सम्यान पनि नेपाली हुन सक्छन् भन्ने देखाउने गरी आत्मबल, सीप र उत्साह कायम गर्न आग्रह गरे । "यो हामी सबैको जित हो । नेपालीको जित हो । एनपिएलको जित हो । यस खेलमा तपाईहरुको असाधारण क्षमता देखिएको छ । दोस्रो हुने सुदूरपश्चिम पनि कमजोर थिएन । कठोर चुनौतीको सामना गरेर विजय हासिल गर्ने जनकपुर बोल्ट्सका खेलाडीहरु बधाईका पात्र हुनुहुन्छ ।", प्रधानमन्त्री ओलीले भने, "तपाईंहरु हिरो हो । नायक र महानायक हो । म तपाईहरुको प्रशंसा गर्दछु । खेलको विकासले देश विकासको स्तर पनि मापन गर्छ, आगामी दिनमा अझ ठुला सफलता हासिलका लागि म शुभकामना दिन्छु ।"

आफूले प्रधानमन्त्री बहालीपछि हुँदा कीर्तिपुर क्रिकेट मैदानको स्तरोन्नतिको पहिलो निर्णयमा गरिएको र निर्माणका लागि बोलपत्र आह्वान गरिएको सुनाउँदै उनले नेपालमा सरकार र आफ्नो तर्फबाट खेल क्षेत्रको विकासका लागि गर्नुपर्ने प्रयास निरन्तर हुने अवगत गराए ।

# टिकटकले ज्यान गुमाएका शिक्षिका र विद्यार्थीको शव परिवारलाई



झापा(प्रस) । टिकटक बनाउने क्रममा तेह्रथुमको मेन्छ्यायेम गाउँपालिकाको खोरुङ्गा खोलाको खोंचमा खसेर ज्यान गुमाएका शिक्षिका र छात्राको शव परिवारलाई जिम्मा लगाइएको छ । मोरङ बिराटनगर घर भई स्थानीय गौखुरी माविमा नर्स शिक्षिकाको रुपमा कार्यरत रबिना राजवंशी र कक्षा ७ मा अध्ययनरत अन्दाजी १२ वर्षीया सुस्मिता भट्टराईको शनिवार अपरान्ह घटनास्थलमै मृत्यु भएको थियो । उनीहरुको शव पोस्टमार्टम गरी आइतवार परिवारलाई जिम्मा लगाइएको प्रहरीले जनाएको छ ।

शनिबारको बिदा पारी साथीहरुसँग शिक्षिका र विद्यार्थी विद्यालयको दक्षिणतर्फ रहेको खोरुङ्गा खोलामा पौडी खेल्न गएका थिए । सोही खोलामा अपरान्ह टिकटक बनाउने क्रममा खोंचमा खसेका दुवै जनाको घटनास्थलमै मृत्यु भएको गाउँपालिका अध्यक्ष यादवबहादुर खापुङले जानकारी दिए । अपरान्ह २.३० बजे घुम्न गएका ६ जनामध्ये ३ जनाले सोही खोलामा टिकटक बनाउने क्रममा दुईजनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

# कांग्रेस नेता साहको निधन



झापा(प्रस)। नेपाली कांग्रेस मोरङ जिल्ला कार्यसमितिका सदस्य जयगोपाल साहको निधन भएको छ । पूर्व महाधिवेशन प्रतिनिधि समेत रहेका ५१ वर्षीय उनको शनिवार राति बीएण्डसी मेडिकल कलेज बिर्तामोडमा उपचारका क्रममा निधन भएको हो ।

उनको निधनप्रति नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गहिरो दुःख व्यक्त गरेका छन् । देउवाको तर्फबाट पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले आइतबार एक शोक विज्ञप्ति जारी गर्दै मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति पार्टी र आफ्नो तर्फबाट गहिरो समवेदना प्रकट गरेका छन् ।


## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैंतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

**प्रकाशित मिति: २०८१-०९-०८**

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो **३५** दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५ औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६ औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट कर्जा अलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालो सूचीमा समावेश गरी असुल उपर हुन बांकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिंदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| क्र. सं. | ऋणी को नाम थर तथा तिनपुस्ते बिवरण | कर्जाको प्रकार | धितो सूरक्षणको विवरण |
|---|---|---|---|
| **शाखा कार्यालय, इलाम** | | | |
| १. | **ऋणी:** **बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय,** बिर्तामोड झापामा **मिति २०७५/१०/१६** गते दर्ता नं. २४५ रही दर्ता भएको बिर्तामोड नपा वडा नं. ४ स्थित **सन्दकपुर किराना पसल का** प्रोप्राईटर टिकाराम खनालको नाती ढाका प्रसाद खनालको छोरा नागरिकता बमोजिम इलाम जिल्ला, सन्दकपुर गा.पा. वडा नं. २, स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड नगरपालिका वडा नं. ३ बस्ने मिति २०७४/१०/११ मा जिल्ला प्रशासन कार्यालय इलामबाट जारी गरिएको ना. प्र.नं. ०३-०१-७४-०५५१६ भएको **वर्ष २४ का पंकज खनाल ।** | व्यावसाहिक आवाधिक कर्जा | **ढाका प्रसाद खनालको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय इलाममा दर्ता कायम रहेको इलाम जिल्ला माईमजुवा गा.वि.स वडा नं. १ स्थित कि.नं. २४३ को क्षेत्रफल २-०-०-० रो.आ.पै.दा.(दुई रोपनी) कि.नं. २४४ को क्षेत्रफल ८-०-०-० रो.आ.पै.दा.(आठ रोपनी) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण**

| | |
|---|---|
| नामः ढाका प्रसाद खनाल<br>बाबुः टिका राम खनाल<br>बाजे :श्रीनारायण खनाल<br>ना.प्र.नं.३८२६३ -१०५५(२०४९/०१/१४इलाम)<br>ठेगानाः इलाम जिल्ला, माईमजुवा गा.वि.स वडा नं. १,स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड नगरपालिका वडा नं. ३ बस्ने । | नामः गिता देवी खनाल<br>बाबुः रत्न मणी ढकाल<br>श्रीमानः ढाका प्रसाद खनाल<br>ना.प्र.नं.६६८३६ -७११(२०५९/०९/०८इलाम)<br>ठेगानाः इलाम जिल्ला, माईमझुवा गा.वि.स वडा नं. १,स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड नगरपालिका वडा नं. ३ बस्ने । |

**शर्तहरु**

१) बोलपत्र फारम यस बैंकको कूनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हूने छैन ।

२) बोलपत्रदाताले लिलामी सुचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ ,साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।

३) बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।

४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

५) बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक(Good for Payment Cheque)अनिवार्य रुपमा पेश गर्नू पर्नेछ ।

६) लिलाम बिक्री हूने धितो सूरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नू अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।

७) बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पुर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबूझाएमा धरौटी रकम स्वतः जफत हूनेछ ।

८) बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हूने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।

९) रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

१०) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

११) बोलपत्र सदर वा बदर हुनू अगावै ऋणीले सम्पुर्ण कर्जा बूझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**







नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# वैदेशिक रोजगारलाई मर्यादित बनाऔं

**वैदेशिक रोजगार ऐन, २०६४ ले कामदारले विदेशमा पाउने रोजगारीलाई वैदेशिक रोजगार भनी परिभाषित गरेको छ। यद्यपि भारतमा काम गर्न जानुलाई वैदेशिक रोजगारीको कानूनी दायरामा समावेश गरिएको छैन।**

**नेपाल सरकारले संस्थागत रूपमा १११ देशलाई वैदेशिक रोजगारीको लागि खुला गरेकोमा हाल अफगानिस्तान, इराक र लिवियामा रोक लगाइएको छ।व्यक्तिगत रूपमा वैदेशिक रोजगारीमा जाने प्रयोजनका लागि भने १७८ देशहरू खुला छन्।**

**शिक्षा, स्वास्थ्य, पोषण, आवास तथा स्थानीय आय आर्जनमा योगदान पुगी गरिबी घटाउने प्रमुख कारण वैदेशिक रोजगारी बनेको छ। विदेशमा आर्जित रकम र सीपले स्वदेशमा उद्यम र स्वरोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।यद्यपि वैदेशिक रोजगारीले केही परिवारमा विखण्डन र विचलन बढेको, कृषियोग्य जग्गाजमिन बाँझो रहेको, गाउँमा वृद्धवृद्धाको मात्रै उपस्थिति भएको र देशमा युवाशक्तिको अभाव भएको छ।**

**वैदेशिक रोजगारसँग सम्बन्धित गुनासाहरू नआउने गरी काम गर्न म्यानपावर व्यवसायी, अभिमुखीकरण संस्था, स्वास्थ्य परीक्षण गर्ने संस्था, आमनागरिक र कर्मचारी सबैले आआफ्नो तर्फबाट भूमिका निर्वाह गर्नुपर्छ। वैदेशिक रोजगार व्यवसायीले नाफाभन्दा पनि सेवाभावको हिसाबले तोकिएको रकम मात्र लिनुपर्छ।**


**नागरिकलाई दुःख दिने गरी बढी पैसा लिनुहुँदैन। पूर्व स्वीकृति लिएर मात्र विज्ञापन गरी तोकेको काम र तलबमा कामदार पठाउनुपर्छ।स्वदेशमा एउटा काममा पठाउने तर विदेश पुगेपछि थौरे पैसामा अर्को काममा लगाउने र विदेशमा बिचल्लीमा पार्ने काम गर्नुहुँदैन।**

**वर्तमान अवस्थामा नेपाली युवाका लागि वैदेशिक रोजगारी बाध्यता बनेको छ।सकभर नेपालमा नै बसेर कुनै उद्यम, पेशा, व्यवसाय वा कृषि कार्य गर्नुपर्छ। बाध्यतावश कामका लागि विदेश जानु परेमा वैदेशिक रोजगारीको समग्र प्रक्रिया बुझेर तथा सीप सिकेर मात्र जानुपर्छ। श्रम स्वीकृतिको प्रक्रिया थाल्दा आफूलाई लाग्ने शुल्कको बारेमा पूर्ण जानकारी राखी अनावश्यक रकम कसैलाई पनि दिनुहुँदैन।**

**वैदेशिक रोजगारको क्षेत्रमा भएका थुप्रै बेथितिको अन्त्य सरकार एक्लैको प्रयासले मात्र सम्भव हुँदैन।वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सरकारले गरिरहेको पहलमा सर्वसाधारण, म्यानपावर कम्पनी, अभिमुखीकरण संस्था, स्वास्थ्य परीक्षण संस्था, सञ्चारमाध्यम एवम् सरोकारवाला सबैले साथ दिनुपर्ने देखिन्छ।**


Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# पुस्तक संरक्षण नीतिको अभाव



• रमेश निरौला

नेपालमा पुस्तकालय संख्यात्मक रूपले कम छन् । भएका पुस्तकालय पनि संस्थागत छैनन् । राज्यका निकायले सञ्चालनको जिम्मा लिनुपर्ने पुस्तकालय संस्थागत नभएका कारण सामाजिक अगुवाका भरथेगले गुज्रिरहेका देखिन्छन् । विसं २०७२ मा जारी नेपालको संविधानले भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ मा राज्यका नीतिसम्बन्धी व्यवस्था गरेको छ । धारा ५१ को उपधारा (ज) मा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति समावेश गरिएको छ। यसै उपधाराको खण्ड (४) ले नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने उल्लेख गरेको छ ।

पृथ्वीनारायण शाहले नेपाल राज्य विस्तारदेखि सुरु गरेको पुस्तक सङ्कलनको इतिहासले गिर्वाणयुद्ध शाहका पालामा आएर संरक्षण कानुन प्राप्त गऱ्यो । पुस्तक चिताइ तहविल नामको इस्तिहारद्वारा सङ्कलित पुस्तकलाई स्थायी रूपमा भरथेग गर्ने राज्यको नीति विसं १९६९ मा सुरुवात भएको देखिन्छ । १९६० कात्तिक ३० गते तत्कालीन सरकारले किताब तर्जुमा अड्डा स्थापना गऱ्यो ।

देवशमशेरका पालामा नेपालमा भाषा पाठशाला स्थापना गरिए । तत्कालीन शिक्षा सल्लाहकार जयपृथ्वीबहादुर सिंह र मोतीराम भट्टले देवशमशेरलाई पाठशाला स्थापनामा मनाएका थिए । दरबारिया पण्डित हरिहर आचार्य दीक्षित र सुब्बा दिव्यदेव पन्त पनि भाषा पाठशाला स्थापना गरी नेपाली भाषाको उन्नयन चाहन्थे । जयपृथ्वीबहादुरले प्राकृत व्याकरण, भाषा कोश, भूगोल विद्या, पदार्थ तत्व विवेक, शिक्षा दर्पण, व्यवहारमाला, तत्व प्रशंसा जस्ता पुस्तक तयार गरेका थिए । भाषा पाठशालामा पढाउन मिल्ने अक्षराङ्क शिक्षा नामको पुस्तक १९५८ सालमा छपाएका थिए । अक्षराङ्क शिक्षा सबै भाषा पाठशालामा निःशुल्क वितरण गर्ने र पढाउने योजना बन्यो । तीन सय ओटा भाषा पाठशाला स्थापनाका लागि तीन लाख सरकारी बजेट छुट्याइएको थियो । देवशमशेरलाई सत्ताच्युत गरेर प्रधानमन्त्री बनेका चन्द्रशमशेरले भाषा पाठशाला बन्द गर्ने नीति लिए ।

१९७० मा गोरखा भाषा प्रकाशिनी समिति स्थापना भयो । १९९० सालमा यसको नाम नेपाली भाषा प्रकाशिनी समिति राखियो । समितिको नेतृत्व सरदार राममणि आदी, केशरबहादुर, बालकृष्ण समले क्रमशः गरेका थिए । समका पालामा शुक्रराज शास्त्रीले समितिमा खाली रहेको मास्टर पदमा काम गरे । शुक्रराजले नै गोरखा भाषा प्रकाशिनी समितिको नाम समय सुहाउँदो नेपाली भाषा प्रकाशिनी समिति राख्ने प्रस्ताव गरेका थिए । २०२१ सालमा यो साझा प्रकाशनका नाममा रूपान्तरण भयो । नाममा जे रहे पनि यस समितिले नेपाली भाषाको उन्नयन र विकासमा पुस्तक लेख्ने, प्रकाशन गर्ने र संरक्षण गर्ने काम गरेको पाइन्छ ।

१९८९ साल असार २२ गते तत्कालीन प्रधानमन्त्री भीमशमशेरले गोरखा भाषा प्रकाशिनी समितिको सनद परिवर्तन गरिदिएका थिए, "कलेज, स्कुल, टेक्निकल स्कुल, पाठशाला, कन्या पाठशाला र स्रेस्ता पाठशालाका लागि आवश्यक पर्ने किताब सकभर गोरखापत्रमै छपाउनू र गोरखापत्रले छाप्न नसक्ने अवस्थामा मात्र अरू छापाखानामा लैजानू भन्ने आदेश थियो ।" किताब छपाइको काम विदेश लैजाने परिपाटी भत्काउन खोजिएको थियो । यो गोरखापत्रका लागि मात्र फाइदाकारी थिएन स्वदेशका अन्य छापाखाना उद्योग पनि हुर्कन पाउने अवसर थियो । अर्को पाटोबाट हेर्दा भने राणाशासनले नेपालमा पढिने पुस्तकमा सेन्सर लगाउने नीति रहेको बुझिन्छ । भारतबाट छपाएर ल्याएका पुस्तकमा व्यवस्था विरोधी कुरा रहने आकलन गरेर गोरखापत्रको नियन्त्रणमा पुस्तक उत्पादन गर्न लगाइएको थियो । गोरखापत्रले भारतमा छापिएर आएका पुस्तकमा रहेका गल्ती देखाएर समीक्षा छाप्थ्यो । राममणि दीक्षितले गोरखा भाषा प्रकाशिनी समितिमै रहेर गोरखा शिक्षा पहिलो भाग तयार गरे ।

पाठशालामा अध्यापन गर्ने किताब तयार गर्न चक्रपाणि चालिसे, रामचन्द्र अधिकारी, दयानिधि रिमाललाई जागिरे बनाइएको थियो । समितिले तयार गरेका किताब जाँच्न छुट्टै बोर्ड गठन गरिएको थियो । बोर्डमा पं विष्णुहरि शर्मा, सुब्बा वीरेन्द्रकेशरी अर्ज्याल, पं विश्वनाथ रिमाल, पं जीवनाथ नेपाल, हेड पण्डित सोमनाथ सिग्द्याल, पं गोपाल पाँडे, हेडमास्टर शारदाप्रसाद मुखर्जी र पं हरिप्रसाद प्याकुरेल थिए । १९७१ साल वैशाखमा जाँचकी मण्डलले पुस्तक छाप्न मिल्ने ठहऱ्यायो । राणा प्रधानमन्त्रीको प्रत्यक्ष निगरानीमा रहने समितिकै राममणिले तयार गरेको किताब जाँच्न छुट्टै बोर्ड राख्नुले राज्यको नियन्त्रणमुखी नीतिलाई इङ्गित गर्छ । प्राज्ञिक सत्ताले राजनीतिलाई निर्देशित गर्ने भयका कारण राणा शासक दोहोरो सेन्सर नीति लगाएर पुस्तक उत्पादनलाई नियन्त्रण गर्दथे ।

विसं १९०७ मा बेलायत भ्रमणबाट स्वदेश फर्किएका प्रधानमन्त्री जङ्गबहादुर राणाले साथमा एक छापाखाना ल्याएका थिए । गिद्धे प्रेस नाम दिइएको उक्त छापाखानामा २०१० को मुलुकी ऐन छापिएको थियो । छापाखाना आएपछि जेसुकै छाप्न सकिने डरले हुन सक्छ प्रेसलाई सुरुमा थापाथली दरबारमा जडान गरिएको थियो, जहाँ राणाहरूको प्रत्यक्ष निगरानी रहन्थ्यो ।

नेपालमा २००७ सालसम्म पुस्तक प्रकाशनका लागि प्रशासनिक उल्झन थियो । आर्थिक तथा प्राविधिक समस्याका कारण कसैले पनि नेपालमा पुस्तक मुद्रण गर्न हिच्किचाउने अवस्था थियो । सरकारी नीतिका कारण छपाइ संस्कृति फस्टाउन सकेन । नेपाली भाषाका पुस्तक प्रकाशनमै झमेला हुँदाहुँदै नेपालका अन्य भाषाका पुस्तक छापिने सम्भावना टर्दै गयो । काठमाडौँमा निजी क्षेत्रका छापाखाना खुल्न थालेकाले नेपाली तथा नेपाल भाषाका पुस्तक केही हदसम्म प्रकाशित भए । काठमाडौँ बाहिरका लागि बनारस, कलकत्ता वा भारतका अन्य सहर नेपाली पुस्तक प्रकाशनका लागि आकर्षणमा परे । नेपाली किताब प्रकाशनमा बिस्तारै भएको वृद्धि नेपालभित्र कम र भारतका विभिन्न स्थानमा ज्यादा भए ।

प्रकाशन उद्योगमा जे प्रकाशन भए पनि त्यो पुस्तकालय वा सङ्ग्रहालयमा सुरक्षित गर्नु पर्छ । राणा शासनमा पुस्तक निकाल्न र पुस्तकालय खोल्न अघोषित बन्देज थियो । राणाकालीन समयमा ' मकैको खेती' नामक पुस्तक लेखेका कारण सरकारी जागिरे सुब्बा कृष्णलाल अधिकारीलाई पक्राउ गरी नौ वर्षको जेल सजाय तोकियो । विसं १९८० मा उनको जेलमै निधन भयो । प्रकाशन कार्यमा सहयोग गरेको भनेर शम्भुप्रसाद ढुङ्गेल, ऋषिभक्त उपाध्याय, दुर्गानाथ अधिकारी, कृष्णचन्द्र अर्याल आदि नौ जनाको जागिर खोसियो । मुद्दा १९७७ साउन ११ गतेदेखि ७ दिनसम्म चलेको थियो । ६० पृष्ठको पुस्तक काठमाडौँको नक्साल भगवतीको पशुपति छापाखानामा एक हजारप्रति छापिएको थियो । राणाकालमा पूर्वस्वीकृति लिएर खोलिएका पुस्तकालय प्रशासनको प्रत्यक्ष निगरानीमा रहन्थे । हाकिमका हुकुममा बन्द हुन्थे । प्रजातन्त्र स्थापना भएपछि केही पुस्तकालयले स्वतन्त्र रूपमा काम गरे । तिनको अस्तित्व पञ्चायत सुरु हुँदै नियन्त्रणमा लिइयो । आर्थिक कठिनाइसँग जुधिरहेका पुस्तकालयले प्रशासनिक झमेलासँग जुध्न सक्ने ल्याकत राख्ने कुरै हुँदैनथ्यो ।

२०१८ सालमा स्थापित शिक्षा सामग्री उत्पादन र लेखन केन्द्रले विद्यालयमा पढाइ हुने पुस्तकको छपाइ र बिक्री वितरण गर्ने कार्यादेश पाएको छ । यसको नाम २०२४ सालदेखि जनक शिक्षा सामग्री केन्द्र बनाइयो । शिक्षाको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि नेपाल राष्ट्रिय पुस्तक विकास समिति गठन आदेश, २०३२ जारी भएको छ । सबै प्रकारका पठन सामग्रीको सिर्जनादेखि उपयोगसम्मका कार्यको व्यवस्थापन र नियमनका लागि मार्ग निर्देशन गर्न राष्ट्रिय पुस्तक नीति, २०८१ प्रस्ताव गरिएको छ । पुस्तक संरक्षणमा स्पष्ट कानुनी व्यवस्था नरहेको अभावलाई प्रस्तावित नीतिले सघाउला वा नसघाउला आगामी दिनले देखाउने छ ।

आर्थिक ऐन, २०७७ ले विदेशमा मुद्रण भएर आयात हुने सबै किसिमका पुस्तकको आयातमा १० प्रतिशत भन्सार महसुल लागु गऱ्यो । नेपालमा करिब चार हजार मुद्रण उद्योग रहेका र पछिल्लो समय किताब भारतमा छापेर नेपाल ल्याउन थालिएपछि नेपाली मुद्रण उद्योग लगभग बेरोजगार हुने अवस्था सिर्जना भएकाले भन्सार महसुल लगाउन थालिएको सरकारी तर्क थियो । नेपालमा छापिएका पुस्तकमा कागज, बाइन्डिङ र मुद्रणको गुणस्तर राम्रो नहुने भएकाले भारतमा किताब छाप्न थालिएको बताइन्छ। पुस्तक आयातमा भन्सार महसुल लगाउने कदमलाई राज्यले ज्ञानमाथि नियन्त्रण गर्न खोजेको प्रकाशक, विक्रेता, विद्यार्थी र अध्येताको आरोप रहने गरेको छ। कतिपयले भन्सार महसुललाई पुस्तक संरक्षणमा राज्य संयन्त्रको कमजोरीका रूपमा अर्थ्याउने गरेका छन् ।

२०७१ को वैशाख २५ मा मन्त्रीपरिषद् बैठकले हालको राष्ट्रिय अभिलेखालय अन्यत्र सारेर उक्त स्थानमा सर्वोच्च अदालतका लागि मोटर पार्किङ स्थल बनाउने निर्णय गऱ्यो । अनुकूल तापक्रम, प्रकाश, आद्रताको सन्तुलन, उच्च प्रविधियुक्त कक्ष, कतिपय सामग्री पढ्नका लागि चाहिने कक्ष र ५० हजार बढी संवेदनशील अभिलेख राख्नका लागि स्थान नखोजी/नबनाई कानुनी षडयन्त्र गरिएको छ । विसं २०२४ असोज १७ गते वीर पुस्तकालयमा सुरक्षित हस्तलिखित बहुमूल्य पुस्तक संरक्षण गर्ने उद्देश्यले राष्ट्रिय अभिलेखालयको स्थापना भएको थियो । त्यसयता अभिलेखालयले विभिन्न आरोहअवरोह झेल्दै आएको छ । २५ वैशाख ०७१ को मन्त्रीपरिषद् बैठकले अभिलेखालय सारेर त्यो जग्गा सर्वोच्चलाई दिने र त्यसको साटो अभिलेखालयलाई नारायणहिटी दरबार क्षेत्रमा नयाँ भवन बनाउन जग्गा दिने निर्णय गरेको थियो । त्यतिबेला पुरातत्व विभागको राय नलिई सिधै उक्त निर्णय भएको कुरा पछि बाहिर आयो । सर्वोच्चले अभिलेखालयसँगै रहेको सेनाको घोडचढी पल्टनको १७ रोपनी जग्गा भने पाइसकेको छ । यो निर्णयले राज्यको पुस्तक वा राज्यका महत्वपूर्ण सामग्री संरक्षणमा बेवास्ता गरेको अनुमान गर्न सकिन्छ ।

नेपालमा पुस्तक संरक्षणको नीति छैन । भएका पुस्तकालय सीमित स्रोतसाधनमा सेवारत रहँदा राज्यले भने पुस्तकालयलाई ढाडस दिने भन्दा बिच्क्याउने रणनीति प्रदर्शन गर्ने गरेको छ । यसका लागि राष्ट्रिय पुस्तकालय निर्माणमा थापिएको अड्को अध्ययन गरे पुग्छ । जमलमा जग्गाको स्वामित्व राष्ट्रिय पुस्तकालयलाई दिइसकेपछि काम रोक्न र निर्माण नगर्न मन्त्रीपरिषद्ले नै निर्देशन जारी गरेको छ । नेपालमा स्पष्ट पुस्तक नीति र दिगो कानुन नहुँदा परिवर्तन भइरहने सरकार, राजनीतिक दल र कर्मचारीतन्त्रको पेलाइमा पुस्तक संरक्षण र प्रवर्धन थप जटिल हुने गरेको यथार्थ छ ।

पुस्तकालयको स्थापना र प्रवर्धन राज्यको दायित्व हो तर स्पष्ट नीति नभएका कारण राज्यले योजनाबद्ध पुस्तकालय खोल्ने र सञ्चालन गर्ने कार्य गरेको छैन । केन्द्र, प्रदेश र स्थानीय गरी ७५८ सरकार क्रियाशील रहे पनि कसैसँग पुस्तकालय खोल्ने वा खुलेका पुस्तकालयको अनुगमन र सञ्चालनको कानुन छैन । व्यक्तिगत पहुँचका भरमा कुनै पुस्तकालयले सरकारी अनुदान पाइरहेका हुन सक्छन्, उस्तै प्रकृतिका अरू पुस्तकालयले अनुदान नपाउनुको कारण योजनाबद्ध बजेट निर्माणको अभाव हो ।

# श्रमिकको स्वास्थ्य सुरक्षा

• सीता शर्मा

वैदेशिक रोजगारी कहिले र कसरी सुरु भयो भन्ने तथ्य भेटिँदैन । नेपाली वैदेशिक रोजगारीमा जाने प्रचलन धेरै पुरानो हो । युद्धका सिपाहीदेखि पछिल्लो पटक खाडी हुँदै युरोप पुग्ने नेपालीको संख्या ठुलै छ । राष्ट्रिय जनगणना-२०७८ का अनुसार २१ लाख ९० हजार ५९२ नेपाली वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका छन् । रोजगारीका लागि बिदेसिनेमध्ये ठुलो हिस्सा मध्यपूर्वका देश (खाडी) र मलेसिया जानेको छ । ती देशमा जानेबाट नै देशलाई आर्थिक रूपमा महत्वपूर्ण योगदान भएको छ । नेपाल राष्ट्र बैङ्कका अनुसार आर्थिक वर्ष २०८०/८१ मा करिब १४ खर्ब ४५ अर्ब ३२ करोड बराबरको रकम नेपाल भित्रिएको थियो । प्रवासीको पसिनाले भिजेको सो रकममा श्रमिकले भोग्दै आएको स्वास्थ्य समस्या पनि उत्तिकै मिसिएको छ । राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले प्रस्थानपूर्व, वैदेशिक रोजगारीका क्रममा रहेका तथा स्वदेश फर्केका तीन वटै चरणमा रहेका श्रमिकलाई स्वास्थ्य सेवा दिने परिकल्पना गरे पनि व्यवहारमा लागु भएको छैन ।

**संविधान तथा कानुनी व्यवस्था**

नेपालको संविधान, २०७२ ले वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने नीति लिएको छ । विशेष गरी संविधानको धारा ३३ र धारा ५१ मा रोजगारीसम्बन्धी विषय समेटिएको छ । धारा ३३ मा रोजगारीको हकसम्बन्धी व्यवस्था छ भने धारा ५१ मा वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने उल्लेख छ ।

वैदेशिक रोजगार ऐन, २०६४; वैदेशिक रोजगार नियमावली, २०६४ र वैदेशिक रोजगार नीति, २०६८ मा पनि यस्तै विषय समेटिएका छन् । वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२ मा वैदेशिक रोजगारीमा जाने श्रमिकले विदेश जानुपूर्व नेपाल सरकारबाट स्वीकृतिप्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराउनुपर्ने उल्लेख छ । त्यसरी स्वास्थ्य परीक्षण गराई वैदेशिक रोजगारीमा गएको व्यक्तिलाई जानी जानी वा लापरबाहीपूर्वक वा बदनियतसाथ गलत स्वास्थ्य परीक्षण प्रतिवेदन दिएको कारण स्वदेश फिर्ता हुन परेमा वैदेशिक रोजगारीमा जाँदा र फिर्ता हुँदा लागेको खर्च त्यसरी गलत स्वास्थ्य परीक्षण गर्ने संस्थाले बेहोर्नुपर्ने व्यवस्था छ ।

वैदेशिक रोजगारीमा गएका नेपाली २०७९ चैत ८ देखि योगदानमा आधारित सामाजिक सुरक्षा कोषको योजनामा आबद्ध हुन थालेका छन् । त्यसयता १३ लाख ११ हजार ६४७ जना कोषको योजनामा आबद्ध भइसकेका छन् । यो व्यवस्था अनुसार कोषको योजनामा नियमित योगदान गर्ने कुनै पनि व्यक्ति, उसका परिवार (श्रीमान्, श्रीमती, सन्तति, बाआमा) लाई स्वास्थ्य समस्या आइपरेमा १० लाख रुपियाँसम्मको सुविधा प्रदान गर्ने व्यवस्था गरिएको छ । यसरी आबद्ध भएका वैदेशिक रोजगारीमा रहेका वा विदेशमा स्वरोजगार रहेका व्यक्तिले कोषले उपलब्ध गराउने दुर्घटना तथा असशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षाबापतको सुविधा प्राप्त गर्छन् ।

सरकारले पछिल्ला केही वर्षयता गरेका श्रम समझदारीमा नेपाली श्रमिकको स्वास्थ्य परीक्षणबापतको खर्चको दायित्व गन्तव्य मुलुकका रोजगारदाताको हुने व्यवस्था समेटिएको छ । नेपालले जोर्डन, मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई), मौरिससलगायतसँग गरेको सम्झौता तथा समझदारी यसका उदाहरण हुन् । तिनको कार्यान्वयनको पक्ष भने फितलो छ ।

वैदेशिक रोजगारीमा जानुपूर्व अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गर्नुपर्ने कानुनी व्यवस्था छ । रोजगारीका लागि बिदेसिने श्रमिकले वैदेशिक रोजगारीको चक्रमा विभिन्न प्रकारका शारीरिक र मानसिक स्वास्थ्य समस्या झेल्दै आएका छन् । गन्तव्य मुलुकमा आप्रवासी श्रमिकको स्वास्थ्य बिमा नहुँदा र महँगो उपचार खर्चका कारण उनीहरू स्वास्थ्य सुविधाबाट वञ्चित हुँदै आएका छन् । वैदेशिक रोजगार बोर्डका अनुसार आव २०६५/६६ देखि हालसम्म वैदेशिक रोजगारीका क्रममा विदेशी भूमिमा ज्यान गुमाएर १४ हजार २१३ जना बन्द बाकसमा फर्किए भने गम्भीर बिरामी तथा अङ्गभङ्ग भएर तीन हजार ४४० श्रमिक फर्किएका छन् । यो संख्या बोर्डबाट आर्थिक सहायता लिनेको मात्रै हो । बोर्डले तोकेको मापदण्डमा नपरेर आर्थिक सहायता नपाउनेको संख्या योभन्दा धेरै छ । यो तथ्यले पनि गन्तव्य मुलुकमा नेपाली युवा सुरक्षित छैनन् भन्ने स्पष्ट हुन्छ ।

**नीतिगत सुधार**

वैदेशिक रोजगारीमा जाने वा गएका व्यक्तिको स्वास्थ्य सुरक्षाका विषयमा सरकारले समक्रमसँगै कतिपय सुधारात्मक कार्य गरे पनि ती पर्याप्त छैनन् । डेढ दशकभन्दा अगाडि बनेको ऐन, नियमावली, नीतिलगायतले स्वास्थ्य समस्याको निराकरणमा थुप्रै आयामलाई सम्बोधन गर्न सकेका छैन । सरकारले निम्नानुसारका विषयलाई सम्बोधन गर्ने गरी नयाँ कानुन र नीति निर्माण तथा कार्यक्रम लागु गर्न आवश्यक छ :

**स्वदेश फर्केकाको स्वास्थ्य परीक्षण**

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ मा प्रस्थानपूर्व, गन्तव्य मुलुकमा कार्यरत र स्वदेश फिर्ता भएकाको स्वास्थ्य परीक्षण, प्रवर्धन तथा स्वास्थ्य सेवामा पहुँच र उपभोगका लागि आवश्यक व्यवस्था मिलाउने उल्लेख छ। उक्त नीति अनुरूप प्रस्थानपूर्वको स्वास्थ्य परीक्षण भइरहेको सन्दर्भमा गन्तव्य मुलुकमा रहेका नेपाली श्रमिकलाई लक्ष्य गरी वैदेशिक रोजगार बोर्डले वीर अस्पतालसँगको साझेदारीमा २०७९ चैत १५ देखि टेलिमेडिसिन सेवा सुरु गरेको छ। वैदेशिक रोजगारीबाट स्वदेश फर्केकाको स्वास्थ्य परीक्षणमा भने अझै पनि कुनै व्यवस्था गरिएको छैन। नीतिमा भएको सो व्यवस्थालाई संघीय सरकारले प्रदेश तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रभावकारी रूपमा लागु गर्नु आवश्यक छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले मुख्य गरी स्थानीय तहलाई वैदेशिक रोजगारीमा गएका र फर्केकाको तथ्याङ्क सङ्कलन, सिपको पहिचान जस्ता जिम्मेवारी प्रदान गरे पनि वैदेशिक रोजगारीबाट फर्केकाको स्वास्थ्य परीक्षण, स्वास्थ्य सहयोगको जिम्मेवारी दिएको छैन । तसर्थ सो ऐनमा स्वास्थ्य सहयोगको विषयसमेत समेटिनु आवश्यक देखिन्छ ।

❖ बाँकी तेस्रो पृष्ठमा

# पार्टी र जनप्रतिनिधिको समन्वयबाट विकास निर्माण गर्न आग्रह

गौरीगञ्ज(प्रस)। गौरीगञ्जमा आयोजित एक कार्यक्रममा नेपाली कांग्रेसका कार्यकर्ताहरुले पार्टी र जनप्रतिनिधिहरुको समन्वयबाट पालिकाको विकास निर्माण कार्य तिब्र बनाउन आग्रह गरेका छन् ।

सयदिने विशेष सांगठनिक अभियानअन्तरगत नेपाली कांग्रेस गौरीगञ्ज गाउँ समितिले आयोजना गरेको गाउँ भेलाका सहभागी बक्ताहरुले स्थानीयबासीको आवश्यकतालाई पहिचान गरेर पार्टी र जनप्रतिनिधिको समन्वयमा विकास निर्माण एवं जनजिविकाका सवालमा प्रभावकारी काम गर्न आग्रह गरेका हुन् ।

नेपाली कांग्रेस केन्द्रीय सदस्य महेन्द्राकुमारी लिम्बूको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष एवं कांग्रेस कोशी प्रदेश सदस्य फूलवती राजवंशी, जिल्ला प्रतिनिधि एवं ४ नम्बर क्षेत्रीय सभापति जयनारायण शाह, जिल्ला सदस्य मखना महतो, जेठा मुर्मु, ५ नम्बर क्षेत्रीय सभापति ढुण्डिराज भण्डारी, गौरीगञ्ज १ का वडाध्यक्ष कात्तिकलाल राजवंशी, महासमिति सदस्य टंक विश्वकर्मा, नेपाल सांस्कृतिक संघ केन्द्रीय सदस्य दिलबहादुर बुढाथोकी, पूर्व जिल्ला सदस्य दिपिन्द्र थापा, गोपालचन्द्र सिंह राजवंशी, आत्माराम राजवंशी, नारायण खतिवडा, नेत्र राजवंशी, नौताली राजवंशीलगायतले शुभकामना मन्तब्य राखेका थिए । कार्यक्रममा सहभागीका तर्फबाट कल्पना थापा, राजकुमार राई, रोशन यादव, दिक्षा कोइरालालगायतले जिज्ञासा राखेका थिए । नेपाली कांग्रेस गौरीगञ्ज गाउँ समितिका सभापति अघनुप्रसाद राजवंशीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत गोपाल ताजपुरिया र सञ्चालन गंगाप्रसाद राजवंशीले गरेको नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिएका छन् ।

# अपाङ्गता भएका व्यक्तिहरुको वडा–वडामा स्वास्थ्य जाँच

मेचीनगर(प्रस) । मेचीनगरमा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परीक्षण, अपाङ्गता पहिचान र परिचयपत्र बितरण कार्य धमाधम भइरहेको छ । यही पुष १ गतेदेखि वडा नम्बर १ बाट सुरु उक्त कार्यक्रम आइतवार ७ नम्बर वडामा सम्पन्न भएको छ । सोमवार वडा नम्बर ८ मा छ ।

पुष १५ गतेसम्म मेचीनगरको पन्ध्रै वटा वडामा दिनै कार्यक्रम सञ्चालन हुने छ । वडा नम्बर १, २, ३, ४ , ५, ६ र ७ नम्बर वडामा उक्त कार्यक्रम सकिएको छ । अब ८ वटा वडामा कार्यक्रम बाँकी छ । अहिलेसम्म करिव एक हजार जनाले सो सेवा लिइसकेका छन् । वडा नम्बर ७ मा अपाङ्गता भएका २०३ जना व्यक्तिहरुमध्ये १४८ जनाले स्वास्थ्य परीक्षण गरि अपाङ्गता पहिचान र परिचयपत्र लिएको वडाध्यक्ष प्रल्हादमणि ओलीले जानकारी दिए ।

उनका अनुसार ५३ जना आउन सकेनन् । नयाँ १० जना आए । रातो कार्ड लिएकामध्ये ३ जनाको स्वास्थ्य सुधार भएर निलो कार्डमा झरेका छन् । शिविरमा आउन नसक्ने २ जनालाई घरैमा सवस्थ्य सेवा प्रदान गरिएको ओलीले बताए ।वडा वडामा भइरहेको स्वास्थ्य शिविरमा नगर प्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मीना पोखरेल उप्रेती, प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी, वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्ती, महिला विकास अधिकृत जयन्ती खरेल, करूणा फाउण्डेसनका मेचीनगर संयोजक पदम बराईली, जनप्रतिनिधिहरु लगायत ५६ जना डाक्टरसहित कर्मचारीको टिम खटिएका छन् ।

मेचीनगर नगरपालिका, कोशी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेशनबीच एक करोड ४२ लाखको त्रिपक्षीय सम्झौता गरी अपांगताको क्षेत्रमा महत्वपूर्ण कार्यक्रम सञ्चालन भइरहेको छ ।

# कचनकवलमा शिविर उद्घाटन

झापा(प्रस) । झापाको कचनकवल गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य शिविर शुरु भएको छ।

वडा नम्बर २ को वडा कार्यालयमा आइतवार स्थानीय अपाङ्गता समन्वय समितिका अध्यक्षसमेत रहेका पालिका उपाध्यक्ष नवराज भट्टराई, कचनकवल गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसाद राजवंशी र करुणा फाउण्डेसनका वरिष्ठ कार्यक्रम प्रवन्धक कमल कोइरालगायतले शिविर उद्घाटन गरे ।



कार्यक्रममा करुणा फाउण्डेसनका वरिष्ठ कार्यक्रम प्रवन्धक कोइरालाले अपाङ्गता पहिचान, रोकथाम र पुनर्स्थापनाका विषयमा प्रकाश पारे। उनले त्रिपक्षीय लागत साझेदारीमा सञ्चालन भइरहेको कार्यक्रमले अपाङ्गता भएका व्यक्तिहरुको जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउन सक्ने विश्वास व्यक्त गरे ।

गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशीले कार्यक्रमको महत्वका विषयमा बताउँदै भने, "यो कार्यक्रम स्थानीय सरकार कचनकवल गाउँपालिका, प्रदेश सरकार र करुणा फाउण्डेसनको त्रिपक्षीय साझेदारीमा सञ्चालन भएको हो। खासगरी करुणा फाउण्डेसनसँग कचनकवलको ३ वर्षसम्म सम्झौता भएको छ। विभिन्न चरणका कार्यक्रम गर्दै जाँदा अपाङ्गता पहिचान तथा आवश्यकता पहिचान कार्यक्रम सञ्चालन गरिएको हो।'

गाउँपालिका उपाध्यक्ष तथा अपाङ्गता समन्वय समितिका अध्यक्ष नवराज भट्टराईले कार्यक्रममा बोल्दै भने , "आज हामी यस्तो क्षेत्रमा काम गरिरहेका छौं, जहाँ शारीरिक रूपमा अशक्त भएका व्यक्तिहरूले निकै समस्या खेप्नुपरेको छ। हाम्रो समाजले अझै पनि अपाङ्गता भएका व्यक्तिहरूलाई सहजै ग्रहण गर्न सकिरहेको छैन। यस्तो अवस्थामा उनीहरूको जीवनयापनमा सहजता ल्याउन र उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन यस प्रकारका कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्न सक्छ। '

कचनकवल गाउँपालिकाले हरेक २ ९ दिनभित्र बालबालिकाको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था लागू गरेको छ। कुनै बालबालिकामा अपाङ्गताको लक्षण देखिएमा तत्काल उपचारको व्यवस्था गर्ने गरिएको छ। योसँगै, १० वर्षमुनिका बालबालिकाहरूमा अपाङ्गताको पहिचान गरी उपचारको सुनिश्चिता गर्ने काम पनि भइरहेको छ।

शिविरमा कान, आँखा, फिजियोथेरापी र मानसिक स्वास्थ्य परीक्षणका लागि विशेषज्ञ टोली परिचालित छन्। कार्यक्रममा अपाङ्गता भएका तर परिचयपत्र प्राप्त नगरेका व्यक्तिहरूलाई परिचयपत्र वितरण, श्रवण यन्त्र, ह्वीलचेयरजस्ता सहायक सामग्रीसम्बन्धी चेकजाँच र वितरणसमेत गरिएको छ। आइतवार ७४ जनाले सेवा लिएका छन्। जसमध्ये १४ जनाले नयाँ अपाङ्गताको परिचयपत्र प्राप्त गरेका छन् भने ४ जनाको वर्ग परिवर्तन गरिएको छ।

# शिवसताक्षीमा अपाङ्गता परिचयपत्र वितरण सुरु

शिवसताक्षी(प्रस) । झापाको शिवसताक्षी नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी परिचयपत्र वितरण सुरु भएको छ ।

शिवसताक्षी नगरपालिकाको वडा नं.१ स्थित लक्ष्मीनारायण माध्यमिक विद्यालयबाट वडा नं. १ का अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको हो ।

जन्मजात तथा जन्मजातपश्चात् हुने अपाङ्गताका रोकथाम तथा न्यूनीकरणका लागि गएको असार १२ गते कोशी प्रदेश सामाजिक विकास मन्त्रालय, शिवसताक्षी नगरपालिका र करुणा फाउण्डेसनबीच त्रिपक्षीय सम्झौता भएको थियो ।

कार्यक्रमको शिवसताक्षी नगरपालिकाका नगरप्रमुख मेगाहाङ्ग थोप्राले अपाङ्गता भएका व्यक्तिहरुको पहिचान र परिचयपत्र वितरण गरी शिविरको उद्घाटन गरेका छन् । उनले सरकारले दिएको सेवा सुविधा अपाङ्गता भएका व्यक्तिहरुले पाऊन् भन्ने उद्देश्यले नै नगरपालिकाले शिविर सञ्चालन गरेको जानकारी दिए ।

शिवसताक्षी नगरपालिकाभित्रका कोही पनि अपाङ्गता भएका व्यक्तिहरु बञ्चित हुनु नपर्ने गरी काम गर्नु पर्ने उनले बताए । उनले नगरका ११ वटै वडामा कार्यक्रम सञ्चालन गरिने भएकाले सबै वडाबासीले अपाङ्गता भएका व्यक्तिहरुलाई शिविरमा समावेश गराउन आग्रह गरेका छन् ।



कार्यक्रममा शिवसताक्षी नगरपालिकाकी उपप्रमुख तथा अपाङ्गता परिचयपत्र वितरणकी संयोजक नरमाया कार्कीले शिविरमा अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी कार्ड वितरण गरिने बताइन् । उनले शिविरमा खटिएका डाक्टरहरुको टोलीले अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी उनीहरुको सिफारिसको आधारमा रातो, निलो, पहेलो र सेतो काड वितरण गरिने जानकारी दिइन् ।

अपाङ्गताको परिभाषा र वर्गीकरण, २०६३ अनुसार अपाङ्गता परिचयपत्रलाई गम्भीरताका आधारमा चार भागमा वर्गीकरण गरिएको छ । हरेक परिचयपत्रलाई छुट्टाछुट्टै रंग दिइएको छ र परिचयपत्र लिन आउने अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको गम्भीरताअनुसार उपयुक्त ठहर गरिएको परिचयपत्र प्रदान गरिन्छ । यस्तो परिचयपत्र "क" वर्गमा पर्ने अपाङ्गता भएका व्यक्तिका लागि रातो रंगमा, "ख" वर्गमा पर्नेका लागि निलो रंगमा, "ग" वर्गमा पर्नेका लागि पहेँलो रंगमा र "घ" वर्गमा पर्नेका लागि सेतो रंगमा उपलब्ध गराउने व्यवस्था गरिएको छ । शिविरमा आँखा, कान, मनोविद, फिजियो थेरापी, मेडिकल पर्सनलगायतका ६ जना डाक्टरहरुको टोलीले सेवा दिएको करुणा फाउण्डेसनका सुरेन्द्र गिरीले जानकारी दिए । शिविरमा शिवसताक्षी नगरपालिकाका कर्मचारी, स्वास्थ्यकर्मीहरु समेत खटिएका छन् । कार्यक्रममा वडाध्यक्ष लक्ष्मीप्रसाद चेम्जोङ्गले शुभकामना मन्तव्य र नगरका कर्मचारी विमल बाँस्कोटाले स्वागत गरेका थिए । कार्यक्रमको सञ्चालन शिवसताक्षी नगरपालिका सहकारी प्रमुख बद्री दाहालले गरेका थिए । कोशी प्रदेश सरकार, शिवसताक्षी नगरपालिका र करुणा फाउण्डेसनको संयुक्त लगानीमा तीन वर्षसम्म कार्यक्रम सञ्चालन हुने भएको छ । त्रिपक्षीय सम्झौता अनुसार अपाङ्गगता भएका व्यक्तिहरुको पहिचान र न्यूनीकरणसम्बन्धी कार्यक्रमहरु २०८४ असार मसान्तसम्म चल्ने शिवसताक्षी नगरपालिकाले जनाएको छ ।

# गैँडाको मृत्युमा प्राकृतिक कारण बढी

झापा(प्रस) । चितवन राष्ट्रिय निकुञ्जमा प्राकृतिक कारणले गैँडा मर्ने क्रम बढेको छ । आर्थिक वर्ष २०८०/८१ को पाँच महिनामा प्राकृतिक कारणबाट मर्ने गैँडाको संख्याभन्दा चालु आर्थिक वर्ष २०८१/८२ को पाँच महिनामा यसरी मर्ने गैँडा दोब्बरभन्दा बढी छ ।

निकुञ्जका सूचना अधिकारी तथा सहायक संरक्षण अधिकृत अविनाश पुनका अनुसार चालु आर्थिक वर्षको साउनदेखि मंसिरसम्मको पाँच महिनामा मरेका १२ वटा गैँडामध्ये प्राकृतिक कारणले मर्नेको संख्या ११ वटा छ । जब कि अघिल्लो आर्थिक वर्षको यही अवधिमा मरेका आठ वटा गैँडामध्ये पाँच वटा प्राकृतिक कारणले मरेका हुन् । यो वर्ष विद्युतीय धरापमा परेर एउटा गैँडा मरेको छ भने अघिल्लो वर्ष तीन वटा गैँडा चोरी शिकारीले मारेका छन् ।

अधिकृत पुनले निकुञ्जमा आपसमा जुधेर, ढिस्कोबाट लडेर, दलदलमा फसेर, बाघले खाएर, बिरामी भएर र बुढो भएर मर्ने गैँडालाई प्राकृतिक कारणले मरेको भनिने जानकारी दिए ।

गत मंसिर ७ गते मझुवा मध्यवर्ती वनमा ३१ वर्षको पोथी र मंसिर १३ गते ध्रुवपोस्टनजिकै ३५ वर्षको पोथी गैँडा मृत अवस्थामा भेटिएको र त्यो कालगतिले मरेको निकुञ्जले विज्ञप्ति निकालेर जनाएको थियो । उता गत वर्षको साउन २० गते नवलपरासीको अमलटारीस्थित श्रीपोस्टनजिकै करिब पाँच महिनाको गैँडाको बच्चा मृत भेटियो । यसको पोस्टमार्टम गर्दा बाघले शिकार गरेको भेटिएको पुनले जानकारी दिए ।

# पाथीभरालाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल

झापा(प्रस) ।ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गर्नका लागि पाथीभरा क्षेत्र विकास समितिले पहल गर्ने निर्णय लिएको छ । पाथीभरा क्षेत्र विकास समितिकाे बैठकले पाथीभरालाई विश्व सम्पदा सूचीमा समावेश गर्न र एक अन्तर ाष्ट्रिय सम्पदाको रूपमा विकास गर्न महत्वपूर्ण



कदम चाल्ने निर्णय गरेको समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङले बताए ।

यसका लागि पाथीभरा क्षेत्र विकास समितिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको पुरातत्व विभागसँग समन्वय गर्दै पाथीभरालाई विश्व सम्पदा सूचीमा सूचीकरण गर्नका लागि औपचारिक अनुरोध गर्ने निर्णय गरेको हाङबाङले जानकारी दिए ।

पाथीभरा मन्दिर नेपालका प्रमुख शक्तिपीठमध्ये एक हो । धार्मिक, ऐतिहासिक र सांस्कृतिक रूपमा महत्वपूर्ण मानिने पाथीभरालाई विश्व सम्पदा सूचीमा समावेश गर्नु महत्वपूर्ण कार्य भएकाले यसका लागि पहल सुरु गरिएको समितिका अध्यक्ष रक्की थेबेले बताए ।

पाथीभरा मन्दिरमा वार्षिक स्वदेशी तथा विदेशी गरि लाखौँको संख्यामा भक्तजन आउने गरेका छन् । पाथीभराको दर्शन गरे मनोकामना पूरा हुने जनविश्वास रहेकाले हरेक वर्ष यहाँ आउने भक्तजनको दर बढ्दै गएको समितिले जनाएको छ ।

## श्रमिकको...

सुरक्षित आप्रवासनसम्बन्धी कार्यविधिमा विविधताको खाँचो

देशका धेरै स्थानीय तहले सुरक्षित आप्रवासनसम्बन्धी कार्यविधि जारी गरेका छन् । सो कार्यविधिले मनोसामाजिक परामर्शको आवश्यकतालाई उजागर गरेको छ । कार्यविधिले स्थानीय आवश्यकतालाई ध्यानमा राखी आवश्यक कार्यक्रमको प्राथमिकीकरण गर्नुको सट्टा देशभरिका लागि एउटै कार्यविधि जारी गरेका कारण स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सकेको छैन । यस्तो कार्यविधि निर्माण गर्दा स्थानीय आवश्यकतालाई महत्व दिई स्थानीय आवश्यकता अनुरूपको कार्यविधि निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**स्वास्थ्य समस्यामा केन्ि◻त कार्यक्रम**

कतिपय स्वास्थ्य समस्या वैदेशिक रोजगारीबाट फर्केकामा बढी देखिएको छ । मध्यपूर्व (खाडी) र मलेसियामा रोजगारी गरेर फर्केका युवामा मिर्गौलासम्बन्धी समस्या अत्यधिक देखिएको छ । मिर्गौलाको अवस्था पहिचानका लागि स्वदेश फर्केका श्रमिकको पिसाब तथा रगत परीक्षणबाट पनि गर्न सकिन्छ । यो गर्ने व्यवस्था छैन । पछिल्लो पटक खाडी र मलेसियाबाट फर्केका श्रमिकमा मिर्गौलाको धेरै समस्या आएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमिकको स्वास्थ्य परीक्षण तथा प्रभावकारी सेवा प्रवाहमा सुधारका सम्बन्धमा विशेषज्ञ चिकित्सकको संयोजकत्वमा कार्यदल गठन गरेर काम गरेको छ । वैदेशिक रोजगारमा जाने महिलाको संख्या धेरै भएको जिल्लामा महिलाका लागि (वैदेशिक रोजगारमा जाने वा फर्केर आएका) थप स्वास्थ्य सेवा आवश्यक पर्न सक्छन् । सोही अनुरूप प्रदेश र स्थानीय तहका स्वास्थ्य ऐन र नीति तथा कार्यक्रम बनाइनु आवश्यक छ ।

**द्विपक्षीय सम्झौता**

नेपाल सरकारले गन्तव्य मुलुकका सरकारसँग श्रमिक आदानप्रदान सम्बन्धमा गर्ने द्विपक्षीय श्रम सम्झौता तथा समझदारीमा नेपाली श्रमिकलाई गन्तव्य मुलुकको सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गर्ने विषय समेटिनु पर्छ । यसै गरी रोजगारदाताले शुल्क भुक्तानी गर्ने गरी २४ घन्टे बिमाको व्यवस्था पनि सुनिश्चित गरिनु पर्छ । त्यसो हुन सकेमा गन्तव्य मुलुकमा नेपाली श्रमिकले भोग्दै आएको स्वास्थ्य समस्यामा कमी आउनुका साथै स्वास्थ्य समस्या आइपरेमा गुणस्तरीय उपचार सेवाबाट वञ्चित हुँदैन ।

**गन्तव्य मुलुकमा पनि अभिमुखीकरण**

वैदेशिक रोजगारीमा जानुपूर्व वा विदेश प्रस्थानपूर्व अभिमुखीकरण तालिम दिने गरिन्छ । त्यो तालिम सबै देशमा जानेका लागि एउटै छ ।

त्यसैले अबदेखि नेपालबाट गन्तव्य मुलुकमा पुगेपछि काम सुरु गर्नुअगाडि सम्बन्धित मुलुकको कार्यप्रकृति, आइपर्न सक्ने स्वास्थ्य समस्या, त्यसबाट जोगिन अपनाउनुपर्ने सावधानी, स्वास्थ्य समस्या आइपरेमा कहाँ कसरी उपचार गर्न सकिन्छ भन्ने जानकारीसहितको रोजगार पूर्वको अभिमुखीकरण तालिमको आवश्यकता छ । वैदेशिक रोजगारी गरेर आर्थिक उपार्जन गर्न गएका युवा विदेशबाट रोगको भारी बोकेर आउँदा परिवारलाई मात्रै होइन, समाज र देशलाई पनि ठुलो नोक्सान हुन्छ । तत्काल हामीले युवालाई विदेश जानबाट रोक्न सक्दैनौँ किनभने देशमा तत्काल अड्याउन सक्ने अवस्था छैन । यस विषयमा गम्भीर हुनै पर्छ, ढिला गर्नु हुँदैन ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** — शुभकार्यको चर्चा चल्नेछ । साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ ।

**वृष** — रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** — छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** — आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** — प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** — महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** — आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** — आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** — आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** — मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** — आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** — दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।